## आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८०

प्रमाणीकरण मितिः
२०८०।१०।४

## संवत् २०८० सालको अध्यादेश नं. २

## आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावनाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल सङ्घीय संसदको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम “आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८०” रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा संशोधनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा ७ को,-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(१) उपदफा (१) मा रहेका "माघ पन्ध्र गतेभित्र" भन्ने शब्दहरुको सट्टा "माघ मसान्तभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (७) मा रहेको "प्रतिवेदन" भन्ने शब्द पछि "प्रत्येक वर्षको फागुन सात गतेभित्र" भन्ने शब्दहरु थपिएका छन्।

३. **<u>मूल ऐनको दफा ८ मा संशोधनः</u>** मूल ऐनको दफा ८ को उपदफा (१) मा रहेका "माघ मसान्तभित्र" भन्ने शब्दहरुको सट्टा "फागुन सात गतेभित्र" भन्ने शब्दहरु राखिएका छन्।

४. **<u>मूल ऐनको दफा ११ मा संशोधनः</u>** मूल ऐनको दफा ११ को,-

(१) उपदफा (१) मा रहेका "पन्ध्र दिन अगावै" भन्ने शब्दहरुको सट्टा "तीन महिना अगावै" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "सात दिनभित्र" भन्ने शब्दहरुको सट्टा "चैत महिनाको पन्ध्र गतेभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (४) मा रहेका "प्राथमिकताको सम्बन्धमा" भन्ने शब्दहरु पछि “फागुन महिनाको सात गतेभित्र” भन्ने शब्दहरु थपिएका छन्।

५. **<u>मूल ऐनको दफा ६५ मा संशोधनः</u>** मूल ऐनको दफा ६५ को,-

**(१)** उपदफा (२) र (३) मा रहेका “महालेखा नियन्त्रक कार्यालयले” भन्ने शब्दहरुको सट्टा “अर्थ मन्त्रालय वा महालेखा नियन्त्रक कार्यालयले” भन्ने शब्दहरु राखिएका छन्।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**(२)** उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजित रकम खर्च गर्ने सम्बन्धमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमावली, अन्य प्रचलित कानून वा उपदफा (३) बमोजिम स्वीकृत मार्गदर्शन, कार्यविधि, निर्देशिका वा दिग्दर्शनमा व्यवस्था नभएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले अर्थ मन्त्रालयको सहमति लिई आवश्यक कार्यविधि बनाउन सक्नेछ। त्यस्तो कार्यविधि स्वीकृत भएको सात दिनभित्र सम्बन्धित मन्त्रालयको वेबसाइटमा राख्नु पर्नेछ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय